गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# धौलागिरी अस्पताल

बागलुङ, नेपाल

## अस्पतालका लागि सुरक्षागार्ड तथा सरसफाईकर्मी सप्लाई सम्वन्धि कार्य

### सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

### (प्रकाशित मिति २०८१/०४/११)

यस अस्पतालमा आ.व. २०८१/८२ पौष मसान्त सम्मका लागि सुरक्षागार्ड तथा अस्पताल परिसर भित्र निर्मित भौतिक संरचना तथा अस्पतालको स्वामित्वमा रहेक अन्य सवै स्थानको सरसफाई कार्य गर्न अस्पताललाई आवश्यक क्लिनर (सरसफाई कर्मचारी) उपलब्ध गराउने कार्य सिलबन्दी दरभाउपत्रको माध्यम वाट गर्नु पर्ने भएकोले नेपाल सरकार बाट सम्बन्धीत कार्यका लागि इजाजत प्राप्त, स्थायी लेखा नम्बर (PAN) र मुल्य अभिबृद्धी कर (VAT) दर्ता भएका कालो सुचीमा नपरेका प्रस्तावदाताबाट उल्लेखित कार्यकालागि रितपुर्वकको सिलबन्दी दरभाउपत्र आब्हान गरिएको छ।

१. दरभाउपत्र सम्बन्धी कागजात यो सुचना प्रकाशित भएको मितिले १५ दिन २०८१ साल साउन २५ गते साँझ ५:०० बजे भित्र यस कार्यालयबाट दस्तुर रु ३०००/- तिरी (पछि फिर्ता नहुने गरि) खरिद गर्न सकिनेछ। दस्तुर नेपाल बैक लिमिटेड बागलुङ शाखाको तपसिल बमोजिमको खातामा जम्मा गेरेको सक्कल भौचर पेश गर्नु पर्ने छ।

**तपसिलः**

**कार्यालयको नामः** धौलागिरी अस्पताल, बागलुङ, **खाता नं.:** २७३०२००००१००१००००१

**कार्यालयको कोड नं.: ३५००९४५०१४** **राजश्व शिर्षक नं.:** १४२२९

२. प्रस्ताव दाताले दरभाउपत्र खरिद गर्न सम्बन्धीत फर्मको तर्फबाट निवेदन साथ नेपाल सरकारबाट उल्लेखित कार्यकालागि ईजाजत प्राप्त अनुमती पत्रको प्रतिलिपी, मूल्य अभिबृद्धी कर (VAT) दर्ता तथा नविकरण भएको पत्रको प्रतिलिपी, आ.व. २०७९/८०को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ।

३. प्रस्तावदाताले सिलबन्दी प्रस्तावको खाम बाहिर कामको विवरण, ठेक्का नं., कम्पनीको नाम, ठेगाना, सम्पर्क नं. उल्लेख गरि १६औं दिन १२:०० बजे भित्र (२०८१ साउन २६ गते) यस विभागको जिन्सी शाखामा प्रस्ताव दर्ता गर्नु पर्नेछ। सो दिन बिदा परेमा सो को भोलिपल्ट उल्लेखित समय भित्र प्रस्ताव दर्ता गर्न सकिनेछ।

४. नेपाल सरकारबाट अस्पतालका लागि सुरक्षागार्ड तथा सरसफाईकर्मी सप्लाई सम्वन्धि कार्यका लागि ईजाजत प्राप्त अनुमती पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धी कर (VAT) दर्ता तथा ननविकरण भएको पत्रको प्रतिलिपी, आ.व. २०७९/८० सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, श्रम रोजगार तथा सामाजिक सुरक्षा कोषमा सुचिकृत प्रमाणपत्रको प्रतिलिपी नोटरी पब्लिकबाट प्रमाणित गरिएको सक्कल प्रति पेश गर्नु पर्नेछ।

५. प्रस्तावदाताले बोलपत्र जमानत बापतको रकम कुनै बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको बैङ्क ग्यारेण्टी पेश गर्नु पर्नेछ। उक्त बैङ्क ग्यारेण्टी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको हुर्नुपर्नेछ।

६. १६औं दिनको २:०० बजे (२०८१ साउन २६ गते) दर्ता भएका सबै प्रस्तावहरु प्रतिनिधी तथा दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। दरभाउपत्र दाता वा निजका प्रतिनिधीहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

०८१/०४/११

प्रमुख मेडिकल सुपरीटेण्डेन्ट

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# धौलागिरी अस्पताल

बागलुङ,नेपाल

७. दरभाउपत्र दाताले कवोल गरेको प्रत्येक दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यतादिइने छ। केरमेट भएको ठाँऊमा सहिछाप भएको हुनुपर्नेछ।

८. कुनै दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ।

९. रीत नपुगेको तथा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नामवाट दर्ता गर्न पाईने छैन।

१०. आयकर लगायत स्थानिय कर र नेपाल सरकारलाई तिर्नु/बुझाउनुपर्ने सबै कर (मु.अ.क. बाहेक) सम्बन्धित दरभाउपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ।

११. दरभाउपत्रदाताले खरिद कार्यमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५० को उपनियम २(ङ) बमोजिम घोषणा पेश गर्नुपर्नेछ। त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ।

१२. सुचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनुका साथै कुनै संशोधन भएमा यस कार्यालयको सुचना पाटीमा सुचना टाँस गरि जानकारी गराईनेछ।

१३. सरसफाई सम्बन्धी सामाग्रीहरु बोलपत्र दाताले प्रदान गर्नुपर्नेछ।

१४. ठेक्का सम्बन्धी थप विवरण तपसिल बमोजिम रहेको छ।

| सि.न. | ठेक्का नं. | विवरण | लागत अनुमान(ओभरहेड तथा भ्याट सहित) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | DH/SQ/SERVICE/01/2081/82 | अस्पतालका लागि सुरक्षागार्ड तथा सरसफाईकर्मी सप्लाई सम्वन्धि कार्य | १७९३९३०.०० | ५३०००.०० | |

१५. थप जानकारीको लागि यस अस्पतालको खरिद शाखामा सम्पर्क राख्न सक्नुहुनेछ।

०८१/०४/११

प्रमुख मेडिकल सुपरीटेण्डेन्ट